# विसङ्गतिवादका आलोकमा एब्स्ट्र्याक्ट चिन्तन : प्याज

■ डा.बच्चुराम भट्टराई*
bachchu.bhattarai1@gmail.com

**सार**

निबन्धकार शङ्कर लामिछानेद्वारा आजका मान्छेको जीवनको अवस्था अमूर्त, असङ्गत- विसङ्गत एवं निस्सार भएको विषयलाई केन्द्रीय कथ्य बनाई लेखिएको एब्स्ट्र्याक्ट चिन्तनः प्याज विसङ्गतिवादी दृष्टिले उत्कृष्ट निबन्ध हो । मानवीय जीवनका निस्सारता, असङ्गत-विसङ्गत अवस्थाको यथार्थ चित्रण गर्नु प्रस्तुत निबन्धको अभीष्ट देखिन्छ । प्रस्तुत प्राज्ञिक लेख एब्स्ट्र्याक्ट चिन्तनः प्याज निबन्धमा प्रयुक्त विसङ्गतिवादी प्रवृत्तिको स्थिति निरूपणको अध्ययनमा आधारित छ । यस निबन्धमा एउटा प्याज ठोस र मूर्त देखिए पनि ताछ्दै जाँदा अन्त्यमा शून्यतामा आभासित भए झैँ मानवीय जीवनको यथार्थ रूप र सार पनि प्याजजस्तै शून्यमा विलीन हुने शून्यतावादी दृष्टिकोणलाई अमूर्तता, चेतनप्रवाह, प्रयोगधर्मिता, निजात्मकता आदि शैलीको कलात्मक प्रयोगबाट प्रस्तुत गरिएको पाइन्छ । मानवीय जीवनका विसङ्गत एवं निस्सार अवस्थाको विस्तार विकीर्ण रूपमा निबन्धभरि नै पाइन्छ । विसङ्गतिवादको अस्तित्ववादसँग घनिष्ठ सम्बन्ध रहेकाले यसमा निबन्धकारका भविष्यप्रतिको आशावादी दृष्टिकोण पनि अभिव्यक्त भएको छ । यसरी यसमा प्रयुक्त विसङ्गतिवाद र अस्तित्ववादका सूचक अभिव्यक्तिहरूबाट दुवै वादको संयोजन भएको पनि देखिन्छ । निबन्धकारले मूल अभीष्ट सिद्धिका लागि निस्सारता, शून्यता, असङ्गतिबोध आदि प्रवृत्तिको आधानबाट विसङ्गतिवादको अभिव्यञ्जना गरेका छन् । निबन्धमा प्रयुक्त विषयवस्तु, परिवेश आदि तत्त्वले विसङ्गतिवादका आधारभूत मान्यताहरूको निर्माणमा पोषकको काम गरेका छन् । प्रसङ्गानुसार विसङ्गतिवादका विभिन्न प्रवृत्ति प्रयुक्त हुँदै निबन्धलाई लामिछानेको निबन्धकारिताकै प्रतिनिधित्व गर्ने प्रमुख एवं सर्वोत्कृष्ट विसङ्गतिवादी कृति बनाउन सहयोगी बनेको देखिन्छ । निबन्धमा उल्लिखित उदाहरणहरूद्वारा विसङ्गतिवादी मूलभूत प्रवृत्तिको पुष्टि गरी निष्कर्ष निकालिएको छ ।

**शब्दकुञ्जी** : अमूर्त, अस्तित्ववाद, चेतनप्रवाह, निस्सारता, प्रयोगधर्मिता, विसङ्गतिवाद, शून्यता ।

* भट्टराई नेपाली विभाग, त्रिचन्द्र बहुमुखी क्याम्पस, काठमाडौँमा प्राध्यापनरत हुनुहुन्छ ।

## १. विषयपरिचय

शङ्कर लामिछाने (वि.सं. १९८४-२०३२) द्वारा रचित एब्स्ट्र्याक्ट चिन्तन : प्याज वि.सं.२०२४ मा यसै शीर्षकको नामबाट पुस्तकाकार रूपमा प्रकाशित निबन्ध सङ्ग्रहमा सङ्गृहीत एक उत्कृष्ट निबन्ध हो। प्रस्तुत कृतिलाई २०२४ सालको मदन पुरस्कार प्रदान गरिएको थियो। नेपाली साहित्यका बहुमुखी प्रतिभा लामिछानेले साहित्यका कविता, व्यक्तिरेखा-चित्र, जीवनी, उपन्यासका टुक्राटाकी, अन्तर्वार्ता, आत्मकथा, कथा, निबन्ध, प्रबन्ध आदि विधामा कलम चलाएको देखिन्छ। यीमध्ये उनको मुख्य ख्याति निबन्ध विधा रहेको पाइन्छ। उनका *एब्स्ट्र्याक्ट चिन्तनः प्याज* (२०२४), *गोधूलि संसार* (२०२७), *विम्ब प्रतिविम्ब* (२०२८), *शङ्कर लामिछाने* (२०३३), *शङ्कर लामिछानेका निबन्ध* (२०५९) प्रकाशित छन् । नेपाली निबन्धका क्षेत्रमा उनी महाकवि देवकोटापछिका महान् स्रष्टाका रूपमा स्थापित छन्। विषयगत विविधता पाइने उनका निबन्धमा कलासाहित्य, जीवनजगत्का ज्ञानविज्ञान, मनोविज्ञान, जीवनदर्शन, धर्म, संस्कृति, इतिहास, राजनीति, व्यक्तिगत उतारचढाव, विसङ्गति, विकृति आदि विषयवस्तुका रूपमा प्रस्तुत भएका छन् । निबन्ध रचनालाई कहिले जीवनयापनको साधन र कहिले सोखको विषय बनाएका लामिछानेले आफ्नो वैयक्तिक जीवनभोगाइमा आएका उतारचढावलाई कलात्मक ढङ्गले प्रस्तुत गरेका छन् । उनको एब्स्ट्र्याक्ट चिन्तनः प्याज निबन्धमा मुख्यतः आजको मान्छे अनेक पीडाले आक्रान्त भएको, प्याजजस्तै दुर्गन्धले भरिएको र अनेकौं पत्रैपत्रले ढाकिएको छ भन्ने दृष्टिकोण प्रस्तुत छ । मानिसले मानवता हराइसकेको हुनाले उसको जीवन विसङ्गत बनेको छ । बाहिरबाट देखिए जस्तो स्पष्ट नभएको हुनाले मान्छेको जीवन स्वतः अमूर्त भएको यथार्थलाई निबन्धकारले विशिष्ट शैलीको प्रयोग गरी मार्मिक ढङ्गले प्रस्तुत गरेका छन् । निजात्मकता, आत्मपरकता, विसङ्गतिबोध, निराशा, हीनताबोध, शून्यता,यथार्थको विसङ्गत स्वीकृति, विकीर्ण चिन्तन, विशृङ्खलता, प्रयोगशीलता, अमूर्तलेखन, अस्तित्वको खोजी, चिन्तन र भावनाको सन्तुलनजस्ता वैशिष्ट्य उनको निबन्धमा पाइन्छ ।

प्रस्तुत अध्ययन बिसौं शताब्दीमा विकसित पाश्चात्त्य दर्शन विसङ्गतिवादी प्रवृत्ति र एब्स्ट्र्याक्ट चिन्तनः प्याज निबन्धको विषयवस्तुलाई आधार मानी कृतिमा प्रयुक्त विसङ्गतिवादका प्रवृत्तिको विश्लेषणमा केन्द्रित छ। यसमा कृतिमा विसङ्गतिवादी प्रवृत्तिको प्रयोग र अभिव्यक्ति कौशलविषयक जिज्ञासा नै मुख्य समस्या रहेको छ। जीवलाल बस्यालले आफ्नो 'पूर्वीय एवम् पाश्चात्त्य काव्यशास्त्रका दृष्टिकोणले शङ्कर लामिछानेका निबन्धको गद्यशैली' शीर्षकको विद्यावारिधि शोधप्रबन्धमा लामिछानेका निबन्धको गद्यशैलीमै केन्द्रित रही प्रवृत्तिपक्षको सङ्केत मात्र गरेको देखिन्छ। यसमा विसङ्गतिवादको कतैकतै मात्र उल्लेख गरिएको र विसङ्गतिवादकै आलोकमा एब्स्ट्रयाक्ट चिन्तनः प्याज निबन्धको विश्लेषण भएको छैन । यसै गरी वासुदेव त्रिपाठीले 'शङ्कर लामिछाने जीवनमा अन्तर्विरोधका साथै निस्सारता (विसङ्गति) को अनुभव गर्दछन्' भन्ने उल्लेख गरेका छन् (२०५२,पृ.३३०) । उनले लामिछाने विसङ्गतिबोध गर्ने निबन्धकार भएको विचारका अतिरिक्त विसङ्गतिकै आधारमा विश्लेषण

गरेको देखिँदैन । पाश्चात्त्य साहित्यशास्त्रमा आधारित एब्स्ट्र्याक्ट चिन्तनः प्याजको पूर्वकार्यको अवलोकन गर्दा विसङ्गतिवादका आधारमा समष्टिगत अध्ययन एवम् विश्लेषणको अन्तराल देखिन्छ। यही अन्तराल देखिनु नै प्रस्तुत लेखको समस्या रहेको छ। अङ्ग्रेजी साहित्यसिद्धान्तमा विसङ्गतिवाद बिसौँ शताब्दीमा स्थापित महत्त्वपूर्ण चिन्तन मानिन्छ। पाश्चात्त्य मान्यताप्रति बढी झुकाव राख्ने निबन्धकार लामिछानेले सोही आडमा एब्स्ट्र्याक्ट चिन्तनः प्याज निबन्धको रचना गरेका हुन् । यस आलेखमा नेपाली साहित्यको निबन्धका क्षेत्रमा विशिष्ट योगदान दिने लामिछानेको एब्स्ट्र्याक्ट चिन्तनः प्याजमा प्रयुक्त विसङ्गतिवादी प्रवृत्तिको गहन विश्लेषण गरिएको छ। उनका समग्र कृतिमा विभिन्न पक्षबाट अध्ययन भए पनि विसङ्गतिवादकै आलोकमा रहेर प्रस्तुत निबन्धको अध्ययन भएको देखिँदैन । पाश्चात्त्य दर्शन विसङ्गतिवादका मान्यताका आधारमा यस निबन्धको पूर्ण अध्ययन नभएको सन्दर्भमा यस अध्ययनको औचित्य स्वतः स्पष्ट छ। यस सीमित लेखमा विसङ्गतिवादका अन्य पक्ष एवम् निबन्धका अन्य तत्त्वका आधारमा विसङ्गतिवादको विश्लेषण गर्नु सम्भव नभएकाले तिनलाई समेटिएको छैन। यसै गरी निबन्धको विषयवस्तुबाहेकका अन्य तत्त्वलाई सामान्य चर्चा मात्र गरिएको छ। साथै समस्याकथन र उद्देश्यलाई छुट्टै शीर्षक नदिई विषयपरिचयमै समेटिएको छ। यहाँ मूल तः कृतिको विषयवस्तुलाई नै आधार मानेर विसङ्गतिवादका दृष्टिले प्रयुक्त प्रवृत्तिको विश्लेषण गरी निष्कर्ष निरूपित गरिएको छ। अतः एब्स्ट्र्याक्ट चिन्तनः प्याज निबन्धमा के कस्ता विसङ्गतिवादी प्रवृत्ति प्रयुक्त छन् भन्ने विषयमा आद्योपान्त केन्द्रित हुँदै विश्लेषणको निचोडलाई तर्कका आधारमा पुष्टि गरिएको छ।

## २. अध्ययनविधि र विश्लेषणको सैद्धान्तिक ढाँचा

विसङ्गतिवादका आलोकमा लामिछानेको एब्स्ट्र्याक्ट चिन्तन : प्याज शीर्षकीय प्रस्तुत प्राज्ञिक लेखमा मूलतः शङ्कर लामिछानेको प्रस्तुत निबन्धमा विसङ्गतिवादको संयोजन र अभिव्यक्ति कसरी भएको छ भन्ने जिज्ञासा नै मुख्य समस्या हो। यस लेखको समस्यासँग सम्बद्ध उद्देश्य प्राप्तिका लागि निम्न विधिको अवलम्बन गरिएको छ-

एब्स्ट्र्याक्ट चिन्तनः प्याज निबन्धलाई प्राथमिक स्रोतका रूपमा प्रयोग गर्दै द्वितीयक स्रोतका रूपमा विसङ्गतिवादसम्बद्ध सामग्रीहरू तथा यससँग सम्बद्ध विभिन्न विद्वान्हरूका विश्लेषित ग्रन्थ एवम् अनुसन्धानमूलक लेखहरू प्रयुक्त छन् । अध्ययनमा आवश्यक सामग्रीहरूको सङ्कलनका लागि पुस्तकालयीय विधिको उपयोग गरिएको छ। यस अध्ययनमा मुख्यतः निगमनात्मक विधिको अवलम्बन गर्दै गुणात्मक पक्षलाई महत्त्व दिइएको छ। विषयवस्तुको विवेचनामा विश्लेषणात्मक विधिको उपयोग गरी विसङ्गतिवादी प्रवृत्तिका आधारमा कृतिको स्थितिको अध्ययन गरिएको छ।

## २.१ विसङ्गतिवाद

पाश्चात्त्य साहित्यशास्त्रमा स्थापित विभिन्न वाद तथा सिद्धान्तमध्ये विसङ्गतिवाद पनि एक प्रमुख हो । पाश्चात्त्य साहित्यका क्षेत्रमा ईसाको बिसौँ शताब्दीमा आन्दोलनका रूपमा साहित्य-कलाका क्षेत्रमा विसङ्गतिवादको स्थापना भएको पाइन्छ । पाश्चात्त्य साहित्यमा यसलाई पूर्ण वादका रूपमा विकसित भइनसकेको एउटा सशक्त अभियान वा आन्दोलनका रूपमा हेरिन्छ । नेपाली साहित्यमा यसलाई वादकै रूपमा परिभाषित गरिएको देखिन्छ । यो अस्तित्ववादसँगै विकसित निरीश्वरवादी प्रवृत्तिविशेषको रूपमा रहेको पाइन्छ । विसङ्गतिवादका प्रणेता अस्तित्ववादी जाँ पाल सार्त्रलाई मानिन्छ भने यसको व्याख्या, विवेचना एवम् विकसित तुल्याउने काम उनीबाट प्रभावित अल्बेर कामुले गरेको देखिन्छ । कामुको सन् १९४२ प्रकाशित सिसिफसको पुराकथा (मिथ अफ सिसिफस) मा विसङ्गतिवादी साहित्यको विस्तृत एवम् महत्त्वपूर्ण व्याख्या गरिएको पाइन्छ । 'विसङ्गतिवादले यो समस्त जीवन र जगत् नै वाहियातै-वाहियात, निरर्थकै-निरर्थक, निःसारै-निःसार, असङ्गतै-असङ्गत वा विसङ्गतै-विसङ्गत कामकुराहरूद्वारा भरिएको देख्छ (जोशी,२०५७ पृ.९४) ।' यस जीवन-जगत्का यावत् प्राप्ति-अप्राप्ति सबैलाई निरर्थक रूपमा हेरेर व्याख्या गर्ने विसङ्गतिवाद अस्तित्ववाद जस्तै दोस्रो विश्वयुद्धको विभीषिकाबाट अनुप्राणित दार्शनिक वैचारिक आन्दोलन हो । विलियम आई.ओलिभरले 'हामी पैदा हुन नखोजे पनि पैदा हुन्छौँ र मर्न नखोजे पनि मर्छौँ । हामी जन्म र मृत्युका दोसाँधमा छौँ । यसो हुँदा नै हाम्रो अस्तित्व विसङ्गत छ । हाम्रो स्थिति सारहीन, विसङ्गत, व्यर्थ र अर्थहीन रहे तापनि हामी आजन्म गतिशील नभइरहन सक्दैनौँ । साहित्यकारले यसै मर्मलाई अङ्गीकार गरी विसङ्गतिपूर्ण विषयवस्तु, भाषा तथा शैलीमा व्यक्त गरी कृतिको सिर्जना गर्छ' भन्ने विचार व्यक्त गरेका छन् (२०६७, पृ.३४८-४९) । नित्सेको ईश्वरको मृत्यु भएको घोषणापश्चात् स्थापित यो वाद त्यसैको मूल प्रेरणा र प्रभाव ग्रहण गरेको नास्तिकतावादी दर्शनका रूपमा परिचित छ । अस्तित्ववादको या त ईश्वरीय सत्तालाई स्वीकार या त विसङ्गतपूर्ण जीवन बिताऊ भन्ने धारणाका विपरीत यो वाद धार्मिक, नैतिक मूल्य मान्यताप्रति अनास्था देखाउँछ । यस वादले धैर्य आदिको शरणमा जाने प्रवृत्तिलाई पनि भ्रान्ति वा आफ्नो विवेकलाई धोका दिनु हो भन्ने मान्यता राख्छ । प्रचलित मूल्य, मान्यता, ईश्वरीय सङ्गति एवम् अस्तित्वमा विश्वास नराख्ने हुनाले विसङ्गतिवादले जीवनलाई सङ्गतिहीन भएको व्याख्या गर्छ । अङ्ग्रेजीका absurd विसङ्गत र absurdity विसङ्गति शब्दबाट विकसित यस दर्शनले मुख्यतः सन् १९५०-१९६० को दशकमा युरोप र अमेरिकाका नाटककारहरूमा निकै प्रभाव पारेको पाइन्छ । बिसौँ शताब्दीका फ्रान्सेली निबन्धकार, उपन्यासकार एवम् नाटककार अस्तित्ववादी अल्बेर कामु (सन् १९१३-१९६०) यसका प्रवर्तक मानिन्छन् । यसका अन्य अनुयायी तथा सर्जकहरूमा जाँ पाल सार्त्र, फान्ज काफ्का, सेमुअल बेकेट, आयनेस्को, अडामोब, पिन्टर, एल्बी, विलियम आई.ओलिभर आदि मुख्य छन् । विसङ्गत, असङ्गत अभिव्यक्तिका लागि विसङ्गत, असङ्गत भाषा, शैली, शिल्पको प्रयोगमा जोड दिने यस वादका सर्जकहरूले भाषा,

शैली, शिल्पमा विसङ्गत प्रक्रिया अपनाएर कृतिको रचना गर्ने हुनाले यिनका अभिव्यक्ति शैली अत्यन्त जटिल एवम् दुर्बोध्य हुन्छन् । यहाँ विसङ्गतिवादका प्रवृत्तिगत विशेषताहरूलाई बुँदागत रूपमा यसरी प्रस्तुत गरिएको छ :

- जीवनजगत्का मुख्य प्राप्ति असङ्गत-विसङ्गत मान्नु,
- धार्मिक, नैतिक मूल्य मान्यताप्रति अनास्था देखाउनु,
- हामी केही हाइनौँ भन्ने मान्यता राख्नु,
- जीवन एउटा भोगाइ मात्र भएकाले जबसम्म जीवन छ त्यसलाई भोग्नुपर्छ विशेष महत्त्व दिनु हुँदैन भन्ने मान्यता राख्नु,
- निस्सारता, शून्यता, पलायन, मृत्युसन्त्रास, उदासीनता आदिको अभिव्यक्ति दिनु,
- जीवनजगत्को दुर्बोध्यताको चित्रण गर्न बिम्ब, प्रतीकको प्रयोग गर्नु,
- धैर्य आदिको शरणमा जाने प्रवृत्तिलाई पनि भ्रान्ति वा आफ्नो विवेकलाई धोका दिनु हो भन्ने मान्नु,
- व्याकरणमुक्त भाषाको प्रयोग गर्नु,
- विसङ्गत-असङ्गत अभिव्यक्तिका लागि विसङ्गत-असङ्गत भाषा, शैली र शिल्पको प्रयोग गर्नु आदि ।

समग्रमा विसङ्गतिवाद जीवन र जगत्लाई निस्सार, शून्य, मृत्युसन्त्रास, उदासीनताले व्याप्त भएको देखाउन भाषा, शैली, शिल्प र समग्र अभिव्यक्तिको नवीन ढाँचा प्रस्तुत गर्ने साहित्यिक वाद हो । ईसाको बिसौँ शताब्दीपछि स्थापित विसङ्गतिवाद युरोप र अमेरिकामा निकै फस्टाएको देखिन्छ । यसको प्रभाव हिन्दी, बङ्गाली, साहित्य हुँदै नेपाली साहित्यमा पनि वि.सं.२०१३ देखि प्रशस्त मौलाएको पाइन्छ । नेपाली साहित्यमा विशेष गरी मोहन कोइराला, ईश्वरबल्लभ, भूपि शेरचन, विजय मल्ल, पारिजात, ध्रुवचन्द्र गौतम आदिका कविताका साथै शङ्कर लामिछानेका निबन्धहरूमा विसङ्गतिवादी प्रवृत्तिहरूको राम्रो प्रयोग भएको पाइन्छ । यसै सन्दर्भमा शङ्कर लामिछानेका प्रायः निबन्धहरू विसङ्गतिवादी मान्यतामा आधारित छन् । विसङ्गतिवादका आलोकमा लामिछानेको एब्स्ट्र्याक्ट चिन्तनः प्याज शीर्षकीय प्रस्तुत अध्ययनमा विसङ्गतिवादी स्रष्टा लामिछानेद्वारा रचित एब्स्ट्र्याक्ट चिन्तनः प्याज निबन्धमा विसङ्गतिवादको प्रयोग के कस्तो रहेको छ त्यसको निरूपण गर्न पाश्चात्त्य काव्यशास्त्रीय मान्यतामा आधारित भएर विसङ्गतिवादी प्रवृत्ति र कृतिको विषयवस्तु बिच संयोजन गरी विश्लेषण गरिएको छ ।

## ३. एब्स्ट्र्याक्ट चिन्तन : प्याजमा अभिव्यक्त विसङ्गति

निबन्धकार शङ्कर लामिछानेको एब्स्ट्र्याक्ट चिन्तन : प्याज वि.सं. २०२४ मा प्रकाशित निबन्ध

सङ्ग्रह हो । प्रस्तुत प्राज्ञिक लेख सङ्ग्रहमा सङगृहीत विभिन्न निबन्धमध्ये सङ्ग्रहको नामकरणसमेत भएको सर्वाधिक लोकप्रिय निबन्ध एब्स्ट्र्याक्ट चिन्तनः प्याजमा केन्द्रित छ । एब्स्ट्र्याक्ट चिन्तन : प्याज लाई लामिछानेको निबन्ध-यात्राको दोस्रो चरणको एवम् सिङ्गो निबन्ध-यात्राकै सर्वोत्कृष्ट निबन्धका रूपमा लिइन्छ । यसमा वर्तमान युगको मान्छे र उसले भोग्नुपरेका जीवनका निस्सारता एवम् जटिल परिस्थितिलाई विशिष्ट शैलीको प्रयोग गरी गम्भीर रूपमा प्रस्तुत गरिएको छ । यसको विषयवस्तुका सम्बन्धमा त्रिपाठी (२०५२, पृ.३२५-२६) ले 'शङ्कर लामिछाने मुख्य रूपमा आत्मपरक र अझ निजात्मक नै निबन्धकार भएकाले उनका निबन्धहरूको मुख्य वा केन्द्रीय विषयवस्तु भन्नु उनी स्वयम् वा उनको 'म' नै हो । उनले देखेभोगेको र सुनेजानेको स्वदेश (नेपाल र नेपाली समाज) तथा उनले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा चिहाएको विश्व र उनी स्वयम्को चेतनाको बिचको क्रिया-प्रतिक्रिया र अन्तर्क्रियाबाट उनको जुन जीवन, व्यक्तित्व र चेतनाको सेरोफेरो बन्न गयो त्यही नै उनका निबन्धहरूको विषयवस्तुसम्बन्धी फेरो वा घेरो पनि भएको' उल्लेख गरेका छन् । बाङ्देल (लैनसिंह) को अमूर्त निबन्ध लेख्ने आग्रहको प्रत्युत्तर दिँदै व्यक्त विचार-प्रवाह नै प्रस्तुत निबन्धको निर्मितिको पृष्ठभूमि हो । आजको मान्छे नै अमूर्त जीवन बाँचिरहेकाले अमूर्त जीवनका बारेमा निबन्ध लेख्न नसकिने उनको विचार छ ।

प्रस्तुत निबन्धको शीर्षक नै अमूर्त छ । आजको मान्छे बाहिरबाट हेर्दा सुखी, खुसी, भद्र, निस्वार्थ, सुसंस्कृत एवम् परोपकारी देखिन्छ । यथार्थमा उसको जीवन अनन्त पत्रैपत्रले निर्मित प्याजजस्तै दुर्गन्धले भरिएको दूषित, विकृति र विसङ्गतिले पूर्ण, अनेकानेक समस्या र पीडाले ग्रस्त छ । मानिसको जीवनको अमूर्तताका सम्बन्धमा सुवेदी (२०५६, पृ.५१) ले 'प्राकृतिक प्रक्रियाका नियमित प्रतिचापमा जीवन अस्तव्यस्त भएर पनि एउटा ठोस वस्तु भएर देखापर्दछ । एउटा प्याज ठोस मूर्त देखिएको हुन्छ तर रूपमै त्यसको अन्तसङ्गति पूर्णतः अभाव प्रतीत भइदिन्छ । खण्डबाट सिङ्गो फलका रूपमा पाइने प्याज तछाइबाट शून्यतामा अवभासित हुन्छ । जीवनको रूप र सार ठिक त्यही प्याज जस्तै छ' भन्ने विचार व्यक्त गरेका छन् । निबन्धको आरम्भ नै मानिसका कुण्ठा, निराशा, विवशताहरूको विशृङ्खल र विसङ्गतिको अन्तर्मर्ममा आधारित देखिन्छ । एउटा ठोस एवम् मूर्त देखिने प्याजलाई ताछेर हेर्दा दुर्गन्धित पत्र-पत्रमा खण्डित हुँदै अन्त्यमा शून्यमा परिणत भएको प्रसङ्गबाट मानिसका बाह्य आवरण सुकिलो, हँसिलो देखिए पनि भित्री यथार्थ विसङ्गतै विसङ्गतपूर्ण रहेको तथ्यको पुष्टि गरिएको छ । यसको शीर्षकले नै निबन्धको मूलभावको उजागर गरेको पाइन्छ । निबन्धकारका दृष्टिमा 'हाँसो' एक किसिमको कला हो अनि कला स्वाभाविकताको अतिक्रमण हो । हाँसोले स्वाभाविकतामाथि अतिक्रमण गर्छ अनि त्यस क्षण हाँसो विकृत र व्यङ्ग्य बन्न पुग्छ । मान्छे मनमा अनेक पीडा, क्रन्दन, छटपटी, वेदनाहरू मडारिँदै गर्दा पनि अरूका सामु हाँसोको कला प्रदर्शन गर्छ । निबन्धकार यही देखावटी तथा आडम्बरलाई असङ्गत-विसङ्गत देख्छन् ।

निबन्धकार व्यथित (केदारमान) सित आफ्नो जीवनका अपार समस्याहरूलाई कृष्णको विश्वरूपसँग तुलना गर्दै आफू अत्यन्त चिन्तित र समस्या नै समस्यामा डुबिरहेको निस्सार अवस्थासँग दाँज्न पुग्छन् । उनी दशगजा जमिनमा उभिएको प्रसङ्गबाट आजको मान्छेका विभिन्न समस्या देखाई ऊ प्राचीनता र नवीनताका दोसाँधमा उभिएको सङ्केतबाट असङ्गत स्थितिको चित्रण गर्दछन् । उनी एउटा स्वार्थ र अर्को स्वार्थ, एउटा सत्य र अर्को सत्य एवम् एउटा पुस्ता र अर्को पुस्ताको मध्यभाग वा सन्धि र विच्छेदस्थल दशगजारूपी समस्यामा आफू स्वयम् तथा आजको मान्छे रहेको उल्लेख गर्छन् । आजका मान्छेको विवश, विशृङ्खल, उदासीन, विसङ्गत एवम् निस्सारतापूर्ण अवस्थालाई निबन्धकार अमूर्त रूपमा विश्लेषण गर्दछन् र यो नै आजको मान्छेको विसङ्गत तथा विकृत यथार्थ भएको निष्कर्षमा पुग्छन् । उनी आजको मान्छेले भोग्नु परेका समस्याहरू प्राचीनता र नवीनताका बिचको अन्तर्द्वन्द्वलाई मान्न पुग्छन् । प्रस्तुत निबन्धका सम्बन्धमा ओझा र गिरी (वाङ्मय प्रकाशन, पृ.३५१) ले 'लामिछाने चेतनप्रवाह शैलीका प्रयोक्ता हुन् । मूलतः चित्रकलाका क्षेत्रमा पिकासोद्वारा सुरु भएको अमूर्त लेखनको प्रभाव एवम् प्रसिद्ध उपन्यासकार जेम्स ज्वायस भर्जिनिया उल्फद्वारा सुरु भएको परम्परागत लेखन पद्धतिभन्दा भिन्न मानव मस्तिष्कमा प्रवाहित हुने विसङ्गत, विशृङ्खल भावहरूलाई तत्क्षणमा अभिव्यक्ति दिने शैली चेतन प्रवाह शैलीको प्रयोग उनले निबन्धमा गरेका छन्' भन्ने उल्लेख गरेका छन् । एक जागरूक र सचेत मान्छेका मनमा केकस्ता विश्वचेतनाका शृङ्खलाहरू एकैपटक प्रकट हुन सक्छन् भन्ने दृष्टान्त उनका निम्न उद्धरणबाट पुष्टि हुन्छ :

> मलाई प्रत्येक खबरमा एक विश्वास सँगाल्नु पर्दछ, परिरहेको छ । म्यारिलिन मनरोको आत्महत्या र एलिजाबेथ टेलरको नयाँ प्रेमको समस्या पनि मेरो मनमा छ । मेरो मनमा ड्याग ह्यामरसोल्डको मृत्यु, यु.एन.ओ. का कार्यबाही, यु. थान्त, अमेरिका र रुसको शीतयुद्ध, लाओस सुएज, गलवान भ्याली, काश्मीर, मलाया, इरियन सिलोन.... सब समस्या मेरा मनमा छन् (२०६५, पृ.२०) ।

उल्लिखित उद्धरणका प्रत्येक घटना तत्कालीन जल्दाबल्दा तर असम्बद्ध पक्ष हुन् तर कुनै पनि प्रबुद्ध मानिसका मानसपटलमा उत्पन्न हुनु स्वाभाविकै हो । यसले मानव मनमा उत्पन्न चेतनाको स्वरूपलाई देखाएको छ । यसमा उनका व्यावहारिक एवम् अन्तर्राष्ट्रिय जीवनसँग सम्बन्धित चेतन प्रवाहका पृथक् पृथक् स्वरूप प्रस्तुत भएका छन् । यिनको निबन्धको परिवेश निर्माणका सम्बन्धमा प्रधान (वि.स. २०३२, पृ.१६३) ले 'साहित्यिक क्यानभासमा लामिछानेले कोरेका चित्रहरूमा हामी देश विदेशका विभिन्न रङहरू पोतिएका पाउँछौँ । सन् १९२७ मा जन्मिएका यी व्यक्ति नेपाली भूगोलभित्रका प्राणी भए पनि यिनको आत्माले विश्वको भौगोलिक सीमा चारिसकेको थियो, यिनी विश्व-मानवको प्रतिनिधि भएर बाँच्न चाहन्थे, बाँचेका थिए । यिनको मुटुमा विश्वको ढुकढुकी कम्पित थियो' भन्ने विचार व्यक्त गरेका छन् । यसको पुष्टिका लागि लामिछानेको एब्स्ट्र्याक्ट चिन्तनः प्याजको भूमिकामा व्यक्त उनको प्रस्तुत उद्धरणबाट सहयोग मिल्छ- 'हामीलाई आफ्नो

देशको इतिहास, संस्कृति, ज्ञान र शिक्षा त विदेशी भाषाको माध्यमद्वारा मात्र उपलब्ध छ (भनौं हाम्रो अनुहार हेर्न बेल्जियममा बनेको ऐना हेर्नुपर्छ ।) त, यस परिस्थितिमा कुनै एक प्रबुद्ध लेखक कसरी विश्वसाहित्यबाट अप्रभावित रहन सक्छ' (भूमिका) । उनका कथनमा स्वतन्त्र राष्ट्र नेपालको निरीह एवम् विसङ्गत अवस्थाको यथार्थ चित्रण प्रस्तुत भएको देखिन्छ । आफ्नो वरिपरिका परिवेश समस्याका दलदलले घेरिएको यथार्थको चित्रणबाट आफू र आफूजस्तै विश्वकै मान्छे केही न केही समस्याबाट पीडित छन् । जसको निराकरण गर्न नसक्दा आजको मान्छे उदासीन, निस्सार, शून्यको स्थितिबाट पलायन हुँदै विसङ्गतपूर्ण जीवन जिउन बाध्य रहेको रहस्य यसमा प्रस्तुत गरिएको छ । उनी बाङ्देलसँग कुन चाहिँ मानिसको जीवन एब्स्ट्रयाक्ट छैन ? कसको जीवन घृणित छैन ? कसमा लोभ छैन ? भनी प्रतिप्रश्न गर्छन् । उनी प्रत्येक जागरुक मानिसको मस्तिष्क समस्यै समस्याको अथाह भण्डार भएको र यसलाई कसैले पार लगाउन नसकेको रहस्यले पूर्ण कृष्णको विराट् रूपसँग तुलना गर्छन् । अनि आफ्नो जीवन नै एब्स्ट्रयाक्ट भएको निष्कर्षमा पुग्छन् । यथार्थमा सबैको जीवन एब्स्ट्रयाक्ट छ । जस्तो देखिन्छ त्यस्तो जीवन कसैको पनि छैन । परिस्थितिअनुसार स्वरूप बदलिरहने मान्छेको आफ्नै स्वरूप खोइ ? तसर्थ उनी सबैको जीवन अमूर्त देख्छन् ।

ईश्वरप्रतिको अनास्था विसङ्गतिवादीहरूको अर्को प्रमुख प्रवृत्ति हो र निबन्धकार स्वयम् विसङ्गतिवादी दर्शनबाट अनुप्राणित देखिन्छन् । उनी ईश्वरको निरीहताप्रति व्यङ्ग्य गर्दै भन्छन्- 'आजको प्रत्येक मान्छे एक भगवान् हो । यस्तो भगवान् जसले आफ्नो संसार स्वयम् निर्माण गरेको हुन्छ- छलले, कपटले, धोखाले, हत्याले, ऐनले, गैरजिम्मेवारीले, अन्धविश्वासले,भक्तिले, श्रद्धाले, मुर्ख्याइँले । आजको भगवान्लाई मानिसले कन्ट्रोल गरेको छ- बर्थ कन्ट्रोल जस्तै । भगवान् चाहियो हाजिर छन्, भगवान् चाहिएन गायब छन्' (पृ.२२) । उनका विचारमा 'आजको मानिस स्वयम् भगवान् बनिसक्यो, उसमा ती सब गुण व्याप्त छन् जो एक ईश्वरमा हुनु पर्दछ- सिर्फ एक गुण आजको मानिसले हराएको छ, र त्यो हो मानिसको गुण (पृ.२२) ।' मानवता नै हराएपछि कसरी त्यो मानिस भयो ? यहाँ बिन्धकार मानवताहीन विसङ्गत, निस्सार एवम् विद्रुप मान्छे कहिल्यै मूर्त हुन नसक्ने विचार प्रस्तुत गर्दछन् । ऊ आफैँलाई पनि विश्वास गर्न नसक्ने अवस्थामा देखिन्छ । खराब आचरण, फोहोरी विचार, घमण्ड, ईर्ष्या, द्वेष, पापकर्म आदि असङ्गत-विसङ्गत खराबीको थुप्रो भएको मान्छे कुन आधारमा विश्वास गरोस् आफूले आफैँलाई, आजको मानिसको यथार्थ अवस्था यही हो । निबन्धकार आजका मानिसको सूक्ष्मातिसूक्ष्म ढङ्गले मन, वचन र कर्मको निरीक्षण गर्दै कुनै पनि दृष्टिले मानिस बाहिरी आवरणमा देखिए जस्तो सरल, सहृदयी, निःस्वार्थ, परोपकारी नभएको निष्कर्षमा पुगेका छन् । यसरी मानिसले मानवतालाई त्यागेर द्वैध चरित्र अवलम्बन गरे पनि अन्त्यमा त उही डल्लो प्याज ताछिसक्दा भेटिने फोस्रोपन नै हो भन्ने निबन्धकारको विचार देखिन्छ । उनी मानिसको जीवन विरोधाभासपूर्ण हुँदा उसका प्राप्ति-अप्राप्ति विसङ्गत, निस्सार एवम् शून्य भएको देख्छन् ।

लामिछानेका विचारमा मान्छेले ईश्वर प्राप्त गर्ने आशामा अनेक किसिमका असङ्गत-विसङ्गत,

अनैतिक एवम् व्यभिचारी कार्यहरू गरेको छ । यसमा छल, कपट, हत्या, हिंसा, धोखा आदिका माध्यमबाट मान्छेले ईश्वर बन्ने सपना देख्दा उल्टै आफ्नो मानवता गुमाएको, ईश्वर हुन नसकेको र मनुष्यत्व हराएको प्राणीका रूपमा उसलाई चित्रण गरिएको छ । निबन्धकार आफूलाई एक हजार वर्षपछि जन्मने मान्छेका रूपमा उभ्याउँदै आफ्नो जन्मकालमा कुनै राष्ट्र, राजनीति, धर्म, विश्वास आदिका परिधिहरू केही नभएको तथा आफू कसैको घेरामा नपरेको हुने विचार प्रकट गर्दछन् । यसै गरी कुनै प्रकारका असङ्गत-विसङ्गत परिवेशबाट मुक्त हुने प्रसङ्गमा उनी अस्तित्ववादी देखिन्छन् । यस आधारमा हेर्दा लामिछानेको प्रस्तुत निबन्धमा विसङ्गतिवाद र अस्तित्ववादका सूचक अभिव्यक्तिहरूबाट दुवै वादको संयोजन भएको पाइन्छ । विश्वका रक्तरञ्जित सिमानाभित्रका अमूर्तताको चित्रण गर्न हाम्रा आँखाले नभई पश्चिमी आँखाले हेर्नुपर्ने विचार निबन्धकारको छ । आजको मान्छेलाई पत्रैपत्रले रागैरागले, दुर्गन्धै-दुर्गन्धले बेरिएको अस्तित्वविहीन प्याजसँग तुलना गरिएको छ । कृष्णको विराट् रूप, जसलाई बुझेर बुझिनसक्नु भएजस्तै आजको मान्छेको जीवन पनि छल, कपट, अनैतिकता, अनन्त समस्याका चापबाट थिचिरहेकाले बुझ्न कठिन छ भन्ने उनको ठम्याइ छ । प्याजलाई ताछ्दै जाँदा अन्त्यमा शून्य हात लागेजस्तै मान्छेको जीवन पनि सारहीन, विसङ्गत, शून्य र निस्सार रहेको निबन्धकारको मुख्य आशय देखिन्छ ।

## ४. निष्कर्ष

शङ्कर लामिछानेद्वारा रचित *एब्स्ट्र्याक्ट चिन्तन: प्याज*मा विसङ्गतिवादका मूलभूत प्रवृत्तिहरू अभिव्यक्त भएका छन् । पाश्चात्त्य साहित्यका विभिन्न दर्शनमध्ये विसङ्गतिवादी दर्शनको प्रयोग यस निबन्धमा कुशलताका साथ गरिएको पाइन्छ । जीवनका निस्सारता, शून्यता, असङ्गति, विसङ्गति, उदासीनता, ईश्वरप्रतिको विद्रोह, निरीहता आदि प्रवृत्ति यसमा अभिव्यक्त भएका पाइन्छन् । यसको शीर्षकले वहन गरेको भाषा र त्यसको मर्म नै असङ्गत-विसङ्गत रहेको देखिन्छ । प्रस्तुत निबन्धले ग्रहण गरेको अन्तर्वस्तु र शिल्प-सौन्दर्यको धरातल निकै फराकिलो देखिन्छ । यसमा वैयक्तिक एवम् राष्ट्रिय जीवनबाट विकसित हुँदै उनको चिन्तन र ज्ञानको क्षेत्र विश्वव्यापी बन्न पुगेको देखिन्छ । लामिछानेको जीवन-सङ्घर्षका कटु अनुभव, ज्ञानको विशाल धरातल, मानवीय सूक्ष्म अनुभूति एवम् अन्तर्राष्ट्रिय दृष्टिकोण निबन्धले वहन गरेको देखिन्छ । आजको मान्छेको असङ्गत, विसङ्गत, निस्सार एवम् विद्रुप अवस्था र त्यससम्बन्धी चिन्तन तथा आफ्ना बौद्धिक, तार्किक तथा गतिशील दृष्टिकोणलाई प्रस्तुत गर्न उनले वर्णनात्मक, विश्लेषणात्मक एवम् तार्किक शैलीको कुशल प्रयोग गरेको पाइन्छ । शिल्प-सौन्दर्यका दृष्टिले पनि प्रस्तुत निबन्ध सशक्त देखिन्छ । शब्दशक्तिका दृष्टिले पनि यसमा अभिधाकै समानान्तर लक्षणा र व्यञ्जना शक्तिको कुशल प्रयोग भएको पाइन्छ । यसै गरी उपमा, रूपक, अतिशयोक्ति आदि अलङ्कार यथास्थान प्रयुक्त छन् । वैयक्तिक स्पर्श प्राप्त उनको प्रस्तुत निबन्ध प्रयोगशीलताका दृष्टिले पनि उच्च कलात्मक देखिन्छ । जीवनका दुरुहता, असङ्गत-विसङ्गत अभिव्यक्तिका लागि प्रयुक्त भाषा अङ्ग्रेजीबाहुल्य भए पनि तत्सम,

तद्‌भव एवं देशज शब्दहरूबाट निर्मित छन् । विभिन्न बिम्ब तथा प्रतीकको प्रयोगका साथै शैलीगत परिमार्जन, काव्यात्मक, सम्बोधनात्मक, आलङ्कारिक आदि शैलीको प्रयोगबाट निबन्ध आकर्षक बनेको पाइन्छ । यसरी जीवनको व्यापकता, मृत्यु सन्त्रास, पलायन, उदासीनता, विसङ्गतिको अभिव्यक्तिजस्ता निबन्धकारका प्रवृत्तिगत विशेषताको कुशल प्रयोग यस निबन्धमा भएको छ । यसै गरी निजात्मकता, आत्मपरकता, वैयक्तिकता, अमूर्तता, चेतनप्रवाह आदि शैलीको प्रयोगबाट विचार र चिन्तनको कुशल समन्वय भएको पाइन्छ । अतः *एब्स्ट्रयाक्ट चिन्तनः प्याज* जीवनको निस्सारता, शून्यताजस्ता विसङ्गतिवादी चिन्तनप्रधान अद्वितीय प्राप्तिका साथै निबन्धकार लामिछानेको समग्र निबन्धकारिताको द्योतन गर्ने प्रतिनिधि रचना बन्न पुगेको छ ।

## सन्दर्भ सामग्रीसूची


ओझा, रामनाथ र मधुसूदन गिरी (२०५८), *नेपाली स्नातकोत्तर शृङ्खला ४, एब्स्ट्रयाक्ट चिन्तन प्याज,* काठमाडौं : वाङ्‌मय प्रकाशन ।

जोशी, कुमारबहादुर, (२०५७), *पाश्चात्त्य साहित्यका प्रमुख वाद,* (चौथो.संस्क), काठमाडौं : साझा प्रकाशन ।

त्रिपाठी, वासुदेव, (२०५२), *नेपाली साहित्य शृङ्खला भाग २,* काठमाडौं : एकता बुक्स डिस्ट्रिब्युटर्स प्रा.लि ।

बस्याल, जीवलाल, (२०७१), *पूर्वीय एवम् पाश्चात्त्य काव्यशास्त्रका दृष्टिकोणले शङ्कर लामिछानेका निबन्धको गद्यशैली,* अप्रकाशित विद्यावारिधि शोधप्रबन्ध, नेपाल संस्कृत विश्वविद्यालय अनुसन्धान केन्द्र, काठमाडौं ।

लामिछाने, शङ्कर, (२०६५), *एब्स्ट्रयाक्ट चिन्तन : प्याज,* (पाँचौं संस्क), काठमाडौं : साझा प्रकाशन ।

शर्मा, मोहनराज र खगेन्द्रप्रसाद लुइटेल, (२०६७), *पूर्वीय र पाश्चात्त्य साहित्य सिद्धान्त,* काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

सिंह, प्रतापचन्द्र, (२०३२), 'एब्स्ट्रयाक्ट चिन्तनः प्याज : लामिछानेका कालरात्रिका उज्ज्वल तारिका', *रूप-रेखा* (सम्पा), बालमुकुन्ददेव पाण्डे र उत्तम कुँवर शङ्कर लामिछाने विशेषाङ्क, वर्ष १७, अङ्क ९, पूर्णाङ्क १८९, काठमाडौं : साझा प्रकाशन ।

सुवेदी, राजेन्द्र, (२०५६), *स्नातकोत्तर नेपाली निबन्ध,* काठमाडौं : पाठ्यसामग्री पसल ।